# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल


पत्र संख्या :- ०७८/७९
चलानी नं :-

मिति: २०७८/०९/२०

**विषय- नयाँ विद्यालय स्थापना, कक्षा थप ,स्थानान्तरण, स्वामित्व तथा नाम परिवर्तन गर्ने सम्बन्धी सूचना ।**

टोखा नगरपालिका अन्तर्गतका बाल बिकास केन्द्र वा पूर्व प्राथमिक कक्षा सञ्चालन गरेका विद्यालयले नयाँ विद्यालय स्थापना गर्न र कक्षा १ देखि कक्षा ११ सम्मका विद्यालयले कक्षा थप वा नाम, स्थान तथा स्वामित्व परिवर्तन गर्न अनुमति माग गर्ने सम्वन्धमा मौजुदा शिक्षा ऐन नियममा भएको व्यवस्थानुसार मिति २०७८ पौष मसान्त भित्र आवश्यक कागजात सहित शिक्षा, युवा तथा खेलकूद शाखामा निवेदन दर्ता गराउनुपर्ने व्यवस्था अवगत नै भएपनि पुन जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । समयसिमा भित्र प्रक्रियामा संलग्न हुन नसकेका वा रीत नपुगी दर्ता हुन आएका वा शैक्षिक सत्रका वीचमा दिएका निवेदन उपर कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

१. आवेदन फाराम (शिक्षा शाखावाट प्राप्त गर्न सकिने छ ) ।
२. जग्गा वा भवन भाडामा लिएको भए कम्तिमा ५ वर्षसम्मका लागि घर वा जग्गा धनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा पत्रको प्रमाणित प्रतिलिपि, विद्यालयका नाममा घर जग्गा भए सोको लालपुर्जाको प्रमाणित प्रतिलिपि
३. कक्षा थपको लागि तल्लो कक्षा वा तहको अनुमति पत्रको प्रतिलिपि
४. विद्यालय सञ्चालनमा लाग्ने खर्च व्यहोर्ने स्थायी स्रोत खुलेको विद्यालयको सक्कलै पत्र
५. संस्था दर्ता/नविकरण/कक्षा अपग्रेड/नाम,स्थान,स्वामित्व परिवर्तन गर्दा लाग्ने दस्तुर तिरेको सक्कलै रसिद
६. नजिक रहेको विद्यालयको सहमति पत्र
७. गुठी अन्तर्गतको विद्यालय भए स्वीकृत भएको गुठीको विधानको प्रतिलिपि वा कम्पनी अन्तर्गत भए कम्पनी रजिष्ट्रार कार्यालयको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि । संसोधन गरेको भए सो अनुसार(नयाँ विद्यालयको लागि आवश्यक नरहेको)
८. विद्यालयमा कार्यरत शिक्षक,कर्मचारीहरुको नियुक्ति पत्र, नागरिकता, योग्यताका प्रमाणपत्र, अध्यापन अनुमति पत्रका साथै सेवा, शर्त, सुविधा सम्बन्धी विनियमावलीको प्रतिलिपि
९. संस्थापकको नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
१०. विद्यालयले पढाउने पाठ्यक्रम विकास केन्द्रव्दारा सूचिकृत पाठ्यपुस्तकको विवरण
११. सम्वन्धित वडा समितिको सक्कलै सिफारिश पत्र
१२. विद्यालयले विद्यार्थीसँग लिने शुल्क प्रस्ताव स्वीकृत गरिएको प्रतिलिपि
१३. छात्रवृत्ति छनोट समितिको निर्णयसहितको छात्रवृत्ति पाउने विद्यार्थीको विवरण
१४. IEMIS अद्यावद्धिक गरेको हुनुपर्ने
१५. नयाँ विद्यालय खोल्ने,स्थानान्तरण,स्वामित्व तथा नाम परिवर्तन गर्ने वा कक्षा थप के गर्ने हो सो सम्वन्धमा गरिएको सम्वन्धित विद्यालयको विव्यसको निर्णय
१६. पछिल्लो आ.ब. को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
१७. आयकर दर्ता ( स्थायी लेखा नं.) र कर तिरेको वा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
१८. प्रचलित ऐन कानुन बमोजिम विद्यालयले पालना गर्नुपर्ने सर्त तथा बन्देज र पूर्वाधार पुगेको देखिने कागजातहरु
१९. निरीक्षकको निरीक्षण वा अनुगमन प्रतिवेदन
२०. तह अनुसारको धरौटी रकम राखेको भौचर
२१. तह वा कक्षा थप अनुमतीका लागि तल्लो कक्षामा विद्यार्थी संख्या कम्तिमा २२ जना हुनुपर्ने ।

(बाबुराम गौतम )
प्रमुख शिक्षा अधिकृत(अधिकृत दर्शो)




Scanned with CamScanner